# नेपाल वायुसेवा निगम

# स्वेत पत्र

# २०७५ साल भाद्र मसान्तको स्थितिमा

## विषय प्रबेश

नेपाल भित्र तथा विदेशमा, सुरक्षित, कुशल, सुव्यवस्थित र किफायति हवाई यातायत सेवा पुऱ्याउने उद्देश्यले सन् १९५८ जुलाई १ तारिखका दिन नेपाल वायुसेवा निगम (तत्कालिन शाही नेपाल वायुसेवा निगम) को स्थापना भएको हो ।

निगमसंग अन्तर्राष्ट्रिय उडानका लागि २ थान वाईड वडी A330 जहाज, २ थान न्यारो वडी A320 जहाज र १ थान बोईङ्ग जहाज रहेका  छन् । आन्तरिक उडानका लागि ३ वटा टुईनवटर, २ वटा MA 60, ४ वटा Y12E विमानहरु रहेका छन् । निगमले आफ्नो जहाजहरुवाट अन्तर्राष्ट्रिय तर्फ दिल्ली, मुम्बई, बैङ्गलोर, थाईल्याण्ड, हङकङ्ग, क्वालालम्पुर, दुबई, दोहा र आन्तरिक तर्फ २२ सेक्टरमा नियमित उडान गरिरहेको छ । उडानका अलावा निगमले नेपालमा आउने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनिहरुलाई भुमिस्थ प्रबन्ध सेवा प्रदान गरिरहेको छ ।

निगमको सुधारको कार्य तिब्र गतिमा अघि बढाउनका लागि सरकार, नीति निर्माता र सम्बन्धित सरोकारवालाहरु समक्ष निगमको बिद्यमान अवस्था स्पस्ट पार्न र सुधार हुन नसकेमा निगमको भविश्यको अवस्था के होला भन्ने जानकारी प्रबाह गर्न जरुरी भएको छ । निगमका हवाई जहाजहरुको अवस्था के कस्तो छ, निगम वित्तिय रुपमा कुन अवस्थामा रहेको छ, निगमको कुन कुन क्षेत्रमा के कस्ता सुधारात्मक उपायहरु अबलम्बन गर्न कति आवश्यक र कति जरुरी छन् आदि जानकारी दिन, समस्याको गहनता बुझ्न सघाउ पुऱ्याउन साथै सुधार आरम्भ गर्नु पहिले एक आधार निर्धारण गर्न आवश्यक ठानिएकोले यो स्वेतपत्र जारी गरिएको हो ।

## स्वेतपत्रको उद्देश्य

यस स्वेतपत्रको  उद्देश्य नेपाल वायुसेवा निगमको वर्तमान आर्थिक, व्यवस्थापकिय, मानव संसाधन, भौतिक, यान्त्रिक, ईञ्जिनियरिङ्ग, बजार व्यवस्थापन तथा अन्य स्रोतको स्थिति र उपयोगिता सम्बन्धमा विस्तृत विवरण पेश गर्नु रहेको छ । यस दस्ताबेजवाट निगमको सुधारको लागि आवश्यक विषय, क्षेत्र र तथ्यहरुको पहिचान गरी कुन-कुन विषयहरुमा सुधार केन्द्रित गर्न जरुरी रहेको छ भन्ने जानकारी प्रदान गर्ने आशा लिईएको छ । यसवाट निगम सम्बन्धमा सही धारणा बनाउन सम्बद्ध सबैलाई मद्दत पुऱ्याउने विश्वास रहेको छ ।

विषय सूची


१. निगमको वित्तिय अवस्था ........................................................१
१.१ पुँजी ........................................................१
१.२ नाफा नोक्सान ........................................................१
१.३ कर्जा ........................................................१
१.४ प्रमुख सम्पत्ति........................................................२
१.५ प्रमुख दायित्व ........................................................४
१.६ वाईड बडी जहाज (A330) उडान अघि र पछिको वित्तिय अवस्था........................................................५
१.७ अन्तिम लेखापरिक्षण तथा कर लेखा परिक्षण ........................................................६

२. जहाजहरुको अवस्था ........................................................७
२.१ निगमको जहाजहरुको विवरण तालिका ........................................................७
२.२ निगमको जहाज सञ्चालन अवस्था........................................................७

३. निगमको बजार व्यबस्थापन........................................................९
३.१ अन्तराष्ट्रिय बजार........................................................९
३.२ अन्तराष्ट्रिय बजार Seat Factor........................................................९
३.३ आन्तरिक बजार........................................................१०
३.४ जि.ए.सए पि.एस.ए र सि.एस.ए........ ........................................................१०
३.५ यात्रु कार्गो तथा बजार अंश........................................................११

४. निगमको भूमिस्थ प्रबन्ध सेवा ........................................................१२
४.१ बिदेशी बिमान सेवाहरुको भुमिस्थ प्रबन्ध सेवा ........................................................१२
४.२ निगमको अन्तराष्ट्रिय सेक्टरमा भुमिस्थ सेवा व्यवस्था........................................................१२
४.३ साधन स्रोतको कमी ........................................................१२

५.जनशक्ति विवरण ........................................................१३

६.निष्कर्ष........................................................१४
६.१ वित्तिय सम्बन्धमा........................................................१४
६.२ विमान तथा मर्मत सम्भार सम्बन्धमा........................................................१४
६.३ अपरेसन्स सम्बन्धमा ........................................................१५
६.४ बजार व्यवस्थापन सम्बन्धमा ........................................................१५
६.५ भुमिस्थ सेवा सम्बन्धमा ........................................................१५
६.६ जनशक्ति सम्बन्धमा........................................................१५

# निगमको वित्तिय अवस्था

१.१ पुँजी
१.२ नाफा नोक्सान
१.३ कर्जा
१.४ प्रमुख सम्पत्ति
१.५ प्रमुख दायित्व
१.६ वाईड बडी जहाज (A330) उडान अघि र पछिको वित्तिय अवस्था
१.७ अन्तिम लेखापरिक्षण तथा कर लेखा परिक्षण

## १)	निगमको वित्तिय अवस्था

### १.१) पुँजी

**निगमको अधिकृत पुँजी रु. ३० करोड रहेको छ।** पुँजीको विवरण निम्नानुसार रहेको छ :

| | |
|---|---|
| चुक्ता पुँजी (नगदमा) | रु. ३७९,२६६,११०।७२ |
| चुक्ता पुँजी (स्थिर सम्पत्तिमा) | रु. २,७२४,५७०,९८८।०० |
| **जम्मा पुँजी** | **रु. ३,१०३,८३७,०९८।७२** |

चुक्ता पुँजी (स्थिर सम्पत्तिमा) अर्न्तगत निगमलाई नेपाल सरकारबाट अनुदानमा प्राप्त १ थान MA 60 तथा १ थान Y 12E मुल्य रु. २,१३८,८६१,७७८।०० र रु. ५८५,७०९,२१०।०० लाई क्रमश नेपाल सरकारबाट पुँजी लगानीको रुपमा लेखाङ्कन भएको छ।

### १.२) नाफा तथा नोक्सान

निगमको विगत पाँच वर्षको नाफा (नोक्सान) तथा संचित नाफा (नोक्सान) विवरण निम्नानुसार रहेको छ :

| आर्थिक वर्ष | नाफा (नोक्सान) | संचित (नोक्सान) | कैफियत |
|---|---|---|---|
| २०७४।७५ | ३५३,९५२,०००।०० | (२,१६०,०६०,९३४।८१) | प्रोभिजनल |
| २०७३।७४ | ७४,५५३,८७८।६९ | (२,५१४,०१२,९३४।८१) | लेखापरीक्षण सम्पन्न |
| २०७२।७३ | २६३,५७७,२१३।८७ | (२,४२४,८०८,२२०।०५) | लेखापरीक्षण सम्पन्न |
| २०७१।७२ | १६,१८४,५१७।७० | (१,८६४,२८२,९८६।५०) | लेखापरीक्षण सम्पन्न |
| २०७०।७१ | १९,५९२,३६९।२१ | (१,८४२,००५,२७८।३४) | लेखापरीक्षण सम्पन्न |

कोष्ठ भित्रको रकमले नोक्सान जनाउँदछ।

### १.३) कर्जा

#### १.३.१) दिर्घकालिन कर्जा

निगमको भाद्र मसान्तमा दिर्घकालिन कर्जा तथा ब्याज दायित्व निम्नानुसार रहेको छ :

| दिर्घकालिन कर्जा | रकम (रु.) | वार्षिक ब्याजदर | वार्षिक ब्याज(रु.) |
|---|---|---|---|
| कर्मचारी सञ्चयकोष (A320-200) - २ थान | ८,८७१,६०५,४४७।०० | १०.५० % | ९३१,५१८,५७१।९४ |
| कर्मचारी सञ्चयकोष(चक्रिय कर्जा) | १,१०८,०७१,९९१।०० | १०.५० % | ११६,३४७,५५९।०६ |
| कर्मचारी सञ्चयकोष ( A330-200) - १ थान | ११,९९६,१३०,२८७।०० | १०.५० % | १,२५९,५९३,६८०।१४ |
| नागरिक लगानी कोष (A330-200) - १ थान | १२,०००,०००,०००।०० | १०.५० % | १,२६०,०००,०००।०० |
| **नेपाल सरकारबाट कर्जा** | | | |
| ना.उ.प्रा.सम्बन्धित | २८७,४५१,७१८।०० | ८.०० % | २२,९९६,१३७।४४ |
| क्यानेडियन ऋण | २८,७८३,०००।०० | ८.०० % | २,३०२,६४०।०० |
| सरकारी ऋण | ५३,०९२,१७८।०० | ६.५० % | ३,४५०,९९१।५७ |
| भन्सार MA 60 | १२०,०००,०००।०० | ६.५० % | ७,८००,०००।०० |
| भन्सार A 320 | १००,०००,०००।०० | ६.५० % | ६,५००,०००।०० |
| सहुलियत ऋण MA 60 | १,६५०,८८३,०००।०० | १.७५ % | २८,८९०,४५२।५० |
| सहुलियत ऋण Y 12 E | १,३६९,६०६,७८२।०० | १.७५ % | २३,९६८,११८।६९ |
| **जम्मा दिर्घकालिन कर्जा** | **३७,५८५,६२४,४०३।००** | | |
| **जम्मा वार्षिक ब्याज** | | | **३,६६३,३६८,१५१।३२** |

उक्त कर्जाबाट निगमलाई हाल वार्षिक रु. ३,६६३,३६८,१५१।३२ ब्याज दायित्व रहेको छ (मासिक रु. ३०५,२८०,६७९।२८) निगमले सम्पूर्ण कर्जाहरु स्विकृत सिमासम्म पूर्ण उपभोग गरिसकेको छ । कर्मचारी सञ्चयकोषबाट स्विकृत चक्रिय कर्जा सिमा रु. १.५० अर्ब मध्यबाट निगमले बाँकी रहन गएको रकम रु. ३९ करोड १९ लाख कर्जा उपभोग गर्न सक्ने अवस्था रहेको छ ।

### १.३.२) छोटो अवधिको कर्जा (ओभरड्राफ्ट)

निगमको २०७५ भाद्र मसान्तमा निम्नानुसार छोटो अवधि कर्जा (ओभरड्राफ्ट) रहेको छ ।

| बैंक | रकम (रु.) | वार्षिक ब्याजदर | वार्षिक ब्याज (रु.) |
|---|---|---|---|
| राष्ट्रिय वाणिज्य बैंक | ७१०,०००,०००।०० | १०.५० % | ७४,५५०,०००।०० |
| हिमालयन बैंक | १,०९०,०००,०००।०० | १०.५७ % | ११५,२१३,०००।०० |
| **जम्मा** | **१,८००,०००,०००।००** | | **१८९,७६३,०००।००** |

छोटो अवधिको कर्जा निगमले स्विकृत कर्जा सिमासम्म पूर्ण रुपमा उपभोग गरिसकेको छ । उक्त कर्जाबाट निगमलाई वार्षिक रु. १८९,७६३,०००।०० ब्याज दायित्व रहेको छ (मासिक रु. १५,८१३,५८३।३३) । **समग्रमा, निगमको मासिक कुल ब्याज दायित्व रु ३२,१०,९४,२६२.६१ रहेको छ ।**

**कुल कर्जा**

| विवरण | रकम (रु.) |
|---|---|
| दिर्घकालिन कर्जा | ३७,५८५,६२४,४०३।०० |
| छोटो अवधिको कर्जा (ओभरड्राफ्ट) | १,८००,०००,०००।०० |
| **जम्मा** | **३९,३८५,६२४,४०३।००** |

### १.४) प्रमुख सम्पत्ति

#### १.४.१) जहाज तथा इन्जिन

निगमको जहाज तथा इन्जिनको मुल्य निम्नानुसार रहेको छ :

| विवरण | रकम (रु.) |
|---|---|
| A330 (1st Aircraft) | १२,२८२,०५५,९२६ |
| A330 (2nd Aircraft) | १२,२३५,६५१,५४० |
| A320 (1st Aircraft) | ३,९५३,८०६,५२८ |
| A320 (2nd Aircraft) | ४,२५९,२९९,२५१ |
| B757 ACB | ६५८,७५५,१३७ |
| Twin Otters (3 Qty) | १,६२२,७५१ |
| MA60 (2 Qty) | २,६४७,६९०,९९२ |
| Y12E (4 Qty) | १,६८७,६२४,२०७ |
| **जम्मा** | **३७,७२६,५०६,३३३** |

निगमको टुईनवटर विमान तथा B757 जहाजहरुको पूर्ण रुपमा ह्रासकट्टी भईसकेकोले लेखाप्रणालीको सिद्धान्त र मान्यता अनुसार Salvage value मा राखिएको छ । यद्यपि बजार बिक्रीको मूल्य व्यवहारत उल्लेख गरिए भन्दा बढी हुन सक्तछ ।

### १.४.२) जग्गा तथा भवन

निगमको नाममा रहेको जग्गा तथा भवनको मूल्य निम्नानुसार रहेको छ :

| विवरण | रकम (रु.) |
|---|---|
| जग्गा | ७,५२७,८२५,१०८।६९ |
| भवन | ६६,९५७,९३१।९० |
| **जम्मा** | **७,५९४,७८३,०४०।५९** |

निगमले आ.व. २०७१।७२ मा निगमको सम्पूर्ण जग्गाहरुको पुनः मूल्याङ्कंन गरी सो पुन मूल्याङ्किंत मूल्यलाई वित्तिय विवरणमा प्रस्तुत गरेको छ । निगमको कान्तिपथ, पोखरा, नेपालगञ्ज (केही मात्र) र विराटनगर ( केही मात्र) वाहेकका देशका अन्य चौध स्थानमा रहेको जग्गा निगमले आफ्नो अथवा ब्यवसायिक प्रयोजनको लागि प्रयोग गरेको छैन । उल्लेखित भवन तथा जग्गाको मुल्य पुनः पुर्नमुल्याङकन गर्दा वास्तविक मुल्य उल्लेखित मुल्य भन्दा बढ्ने देखिन्छ ।

### १.४.३) आसामी

निगमको २०७५ भाद्र मसान्तमा निम्नानुसार आसामी रहेको छ :

| | |
|---|---|
| आसामी | १,०२२,२८१,९४४।७५ |
| शंकास्पद आसामी | २७१,५२८,६३७।०३ |
| **शंकास्पद बाहेकका आसामी** | **७५०,७५३,३०७।७२** |

### १.४.४) बैंक मौज्दात

निगमको २०७५ भाद्र मसान्तमा स्वदेश तथा विदेशस्थित विभिन्न बैकंहरुको बैंक मौज्दात अर्न्तगत रु. २०६,८२३,२४८।५८ मौज्दात रहेको छ (विदेशी विनिमयलाई ने.रु.मा परिवर्तन गरिएको छ ) ।

### १.४.५) जहाजको पाटपूर्जा तथा मौज्दात

निगमसँग भएको  जहाजको पाटपूर्जा तथा मौज्दात रु. २,४३७,१०५,३६९।८३ रहेको छ ।

### १.४.६) Ground Equipment

निगमसंग भएको Ground Equipment मौज्दात रु २१७,४८९,१०९।२७ रहेको छ ।

**कुल प्रमुख सम्पत्ति**

| विवरण | रकम (रु.) |
|---|---|
| जहाज तथा इन्जिन | ३७,७२६,५०६,३३३ |
| जग्गा तथा भवन | ७,५९४,७८३,०४०।५९ |
| आसामी | ७५०,७५३,३०७।७२ |
| बैंक मौज्दात | २०६,८२३,२४८।५८ |
| जहाजको पाटपूर्जा तथा मौज्दात | २,४३७,१०५,३६९।८३ |
| Ground Equipment मौज्दात | २१७,४८९,१०९।२७ |
| **जम्मा** | **४८,९३३,४६०,४०८।९०** |

**निगमसंग भाद्र २०७५ मसान्तसम्म कुल प्रमुख सम्पत्ति  रु ४८,९३३,४६०,४०८।९० रहेको छ ।**

## १.५) प्रमुख दायित्व

### १.५.१) साहु (क्रेडिटर्स)

निगमको २०७५ भाद्र मसान्तमा साहू (केडिट्रस) मौज्दात रु. ९४१,९८६,३६८।७६ रहेको छ ।

### १.५.२) जहाज कर्जाको किस्ता भुक्तानी

निगमको २०७५ भाद्र मसान्तमा जहाजको कर्जाको ब्याज दायित्व निम्नानुसार रहेको छ :

| ऋण | रकम (रु.) | मासिक (रु) |
|---|---:|---:|
| A ३२० (9N-AKW &9N- AKX) | २२०,६३७,२३४।०० | ११०,३१८,६१७।०० |
| A ३३० (9N-ALY) | १६२,१९४,२५४।७० | १०४,९६६,१४०।०२ |
| A ३३० (9N-ALZ) | ८२,८४९,३१५।०७ | १०५,०००,०००।०० |
| **जम्मा** | **४५६,६८०,८०३।७७** | **३२०,२८४,७५७।०२** |

निगमले उपभोग गरेको जहाज कर्जामा हाललाई त्रैमासिक रुपमा निम्नानुसार किस्ता भुक्तानी दायित्व रहेको छ :

| जहाजहरु | रकम (रु.) |
|---|---:|
| A ३२० जहाज | ३३०,९५५,२८१।४३ |
| A ३३० जहाज | ८०४,२६४,४२७।२० |
| **जम्मा किस्ता दायित्व** | **१,१३५,२१९,७०८।६३** |

निगमले ए ३३० जहाज सञ्चालन गरे पश्चात निगमको नगद प्रवाहको अवस्था हेर्दा मिति १ अगष्ट २०१८ बाट ए ३३० जहाजको व्यवसायिक उडान प्रारम्भ भई १५ सेप्टेम्बर २०१८ सम्ममा ए ३३० जहाजवाट रु. २६.४८ करोड आम्दानी भएको छ भने रु. ७५.६६ करोड खर्च भई ए ३३० बाट मात्रै रु. ४९.१८ करोडले खर्च भन्दा आम्दानी न्युन भएको छ । निगमले वाइड वडी ३३० जहाजहरु आफ्नो व्यवसायिक योजना मुताबिकका लामो दुरीको सेक्टरमा उडान सञ्चालन गर्न प्रक्रिया सुरु भएकोमा सञ्चालन स्विकृति प्राप्त गर्न सकेको छैन र सञ्चालन स्विकृति प्राप्त गर्न अझ केही महिना लाग्ने देखिन्छ ।

### १.५.३) कर्मचारी अवकाश दायित्व

निगमको कर्मचारीहरुको अवकाश दायित्व निम्नानुसार रहेको छ :

| विवरण | रकम (रु.) |
|---|---:|
| उपदान | ५२७,४५९,८२६।९८ |
| बिदा, उपचार आदी | ७३१,१६८,९२६।०० |
| **जम्मा** | **१,२५८,६२८,७५२।९८** |
| निगमबाट भुक्तान भएको | ३१०,०००,०००।०० |
| **निगमबाट भुक्तान हुन बाँकी** | **९४८,६२८,७५२।९८** |

कर्मचारी अवकाश कोषलाई निगमले छुट्टै स्विकृत अवकाश कोष खडा गरी सञ्चालन गरिएको छ । हाल उक्त कोषको दायित्व रु. १,२५८,६२८,७५२।९८ रहेको निगमले रु. ३१ करोड भुक्तानीको लागि कोष व्यवस्था गरेको छ र बाँकी रु. ९४ करोड ८६ लाख कोषलाई भुक्तान गर्न बाँकी रहेको छ ।

## कुल प्रमुख दायित्व

| विवरण | रकम (रु.) |
|---|---|
| साहू (क्रेडिटर्स) | ९४१,९८६,३६८।७६ |
| जहाज कर्जाको किस्ता | ४५६,६८०,८०३।७७ |
| कर्मचारी अवकाश दायित्व | ९४८,६२८,७५२।९८ |
| कुल कर्जा | ३९,३८५,६२४,४०३।०० |
| **जम्मा** | **४१,७३२,९२०,३२८।५०** |

**निगमको भाद्र मसान्तमा कर्जा बाहेक कुल दायित्व रु. ४१,७३२,९२०,३२८।५० रहेको छ ।**

## १.६) वाईड बडी जहाज (A330) उडान अघि र पछिको वित्तिय अवस्था

### मासिक नगद प्रवाह विवरण

| विवरण | मासिक नगद प्रवाह A330 वाहेक | मासिक नगद प्रवाह A330 समेत |
|---|---|---|
| **आय** | **८७७,०७९,९५७.००** | **१,२२७,८५८,८६९.३१** |
| जम्मा परिवर्तनशिल खर्च **(Variable Cost)** | ५५९,५९४,७६०.६१ | ९४७,८९१,६७३.५९ |
| जम्मा स्थिर खर्च **(Fixed Cost)** | २३९,९४०,५४१.११ | ५३२,७६५,२८२.७९ |
| पुजिगत सम्पत्तिको खर्च **(Capital Cost)** | ६५,०००,०००.०० | ६५,०००,०००.०० |
| **जम्मा नगद लागत** | **८६५,५३५,३०१.७२** | **१,५४५,६५६,९५६.३८** |
| **नगद बचत/(घाटा)** | **१२,५४४,६५५.२८** | **(३१७,७९८,०८७.०७)** |

### आर्थिक सुचांकहरुको अवस्था

| विवरण | वाईड वडी जहाज ऋण अघि | वाईड वडी जहाज ऋण पछि |
|---|---|---|
| जम्मा पुँजी | ९४,३७,७६,१६३.९१ | ९४,३७,७६,१६३.९१ |
| जम्मा दिर्घकालिन कर्जा | १३,५८९,४९४,११६.२१ | ३७,५८५,६२४,४०३.२१ |
| **कर्जा र पुँजि अनुपात** | **१४.४०** | **३९.८२** |

### १.७) अन्तिम लेखापरिक्षण तथा कर लेखा परिक्षण

- निगमको आ.व. २०७४।७५ को लेखापरिक्षण महालेखा परिक्षकबाट श्रावण २०७५ को अन्तिम हप्तावाट सुरु भई लेखापरिक्षण भई रहेको छ ।
- निगमले आ.व. २०७३।७४ सम्म आफ्नो लेखापरीक्षण सम्पन्न गरी आ.व. २०७३।७४ सम्मको कर चुक्ता प्रमाणपत्र प्राप्त गरिसकेको छ ।
- कर कार्यालय बाट आ.व. २०७०।७१ सम्मको कर लेखापरिक्षण (Full Audit) सम्पन्न भइसकेको छ र आ.व. २०७१।७२ को कर लेखापरिक्षण प्रक्रियामा रहेको छ ।

# जहाजहरुको अवस्था

२.१ निगमको जहाजहरुको विवरण तालिका
२.२ निगमको जहाज सञ्चालन अवस्था

## २) निगमको जहाजहरुको अवस्था

### २.१) निगमको जहाजहरुको विवरण तालिका

निगमको जहाजहरुको अवस्था निम्नानुसार रहेको छ :

| जहाजको किसिम | दर्ता | अवस्था |
|---|---|---|
| DHC 6-300 Twin Otter | 9N-ABT | सेप्टेम्बर पहिलो हप्ताबाट structural मर्मत जारी रहेको (भुमिस्थ) |
| | 9N-ABU | सेप्टेम्बर पहिलो हप्ताबाट structural मर्मत जारी रहेको (भुमिस्थ) |
| | 9N-ABX | अगस्ट २०१२ देखि भूमिस्थ रहेको |
| Boeing 757-200 | 9N-ACA | बिक्री भइसकेको नामसारी हुन बाँकी |
| | 9N-ACB | सञ्चालनमा रहेको |
| Xian MA 60 | 9N-AKQ | २२ अगस्ट २०१८ देखि २/४ वर्षे नियमित मर्मत संभार जारी रहेको (भुमिस्थ) |
| | 9N-AKR | सञ्चालनमा रहेको |
| Harbin Y 12 E | 9N- AKS | २८ अप्रिल २०१८ देखि भूमिस्थ रहेको |
| | 9N- AKT | २२ अगस्ट २०१८ देखि भूमिस्थ रहेका |
| | 9N- AKU | सञ्चालनमा रहेको |
| | 9N- AKV | सञ्चालनमा रहेको |
| Airbus A320-200 | 9N- AKW | सञ्चालनमा रहेको |
| | 9N- AKX | सञ्चालनमा रहेको |
| Airbus A330-200 | 9N- ALY | सञ्चालनमा रहेको |
| | 9N- ALZ | सञ्चालनमा रहेको |

निगमले जहाजहरुको मर्मत तथा सम्भार सम्बन्धमा निम्न व्यवस्था हुने क्रममा रहेको छ :

१) A ३३० जहाजको इन्जिन मर्मत/ओभरहल सम्झौता सम्बन्धमा प्रस्ताव प्राप्त भएको तर सम्झौता हुन बाँकी रहेको,
२) A ३३० जहाजको कम्पोनेन्ट मर्मत/ओभरहल सेवा सम्बन्धमा टेन्डर मुल्याकंन क्रममा रहेको,
३) A ३२० जहाजको इन्जिन मर्मत/ओभरहल सेवा सम्बन्धमा टेन्डर मुल्याकंन क्रममा रहेका ।

### २.२) निगमको जहाज सञ्चालन अवस्था

#### २.२.१) क्रु व्यवस्था

निगमको हाल रहेको जहाज अनुसार आवश्यक पर्ने क्रु हाल उपलब्ध क्रु तथा थप आवश्यक क्रु संख्या निम्नानुसार रहेको छ :

| Aircraft | Standard crew no | | | Existing Captains | | | Existing Copilots | | | Existing Instructor Pilot (IP) | | | Shortfall crew nos | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Captain | Copilot | IP | Nepali | Expat | Total | Nepali | Expat | Total | Nepali | Expat | Total | Captain | Copilot | IP |
| A330 | 18 | 18 | 6 | 2 | 6 | 8 | 6 | 0 | 6 | 0 | 2 | 2 | 10 | 12 | 4 |
| A320 | 16 | 16 | 6 | 18 | 3 | 21 | 11 | 0 | 11 | 1 | 2 | 3 | -5 | 5 | 3 |
| B757 | 8 | 8 | 3 | 6 | 1 | 7 | 0 | 0 | 0 | 1 | 1 | 2 | 1 | 8 | 1 |
| MA60 | 5 | 5 | 2 | 4 | 1 | 5 | 2 | 0 | 21 | 1 | 0 | 1 | 0 | 3 | 1 |
| Y12E | 7 | 7 | 2 | 3 | 1 | 4 | 7 | 0 | 7 | 0 | 1 | 1 | 3 | 0 | 1 |
| DHC 6 | 7 | 7 | 2 | 5 | 0 | 5 | 5 | 0 | 5 | 2 | 0 | 2 | 2 | 2 | 0 |

हाल ए ३३० को लागि निगमसँग ८ क्याप्टेन ( ६ विदेशी र २ नेपाली) रहेका छन् । ए ३३० को पूर्ण सञ्चालनको लागि १० क्याप्टेन, १२ को पाईलट तथा ४ प्रशिक्षक पाईलट हालको उपलब्ध क्रु संख्यामा थप आवश्यक रहेको छ । ए ३२० जहाजको लागि निगमसँग १८ नेपाली क्याप्टेन र ३ विदेशी क्याप्टेन रहेका छन् । निगमसँग ए ३२० को लागि आवश्यकता भन्दा ५ क्याप्टेन बढी छन् भने ५ कोपाइलटको भने कमी रहेको छ । ३२० मा बढी भएको क्याप्टेनहरु र कमी भएको कोपाईलटको व्यवस्थापन उचित तवरले गर्नुपर्ने देखिन्छ । निगमसँग एमए ६० जहाजको लागि १ विदेशी क्याप्टेन तथा ४ नेपाली क्याप्टेनहरु रहेका छन् । एमए ६० लाई पूर्ण उपयोग गर्न निगमलाई थप ३ कोपाईलट र १ इन्स्ट्रक्टर पाईलट आवश्यक रहेको छ । वाई १२ ई जहाजलाई हाल भएका क्रु को अतिरिक्त ३ क्याप्टेन र १ इन्स्ट्रक्टर पाईलट आवश्यक रहेको छ । DHC 6 जहाजको पूर्ण सञ्चालनको लागि थप २ क्याप्टेन र २ कोपाईलट आवश्यक रहेको छ । निगमसँग भएका जहाजहरुको पूर्ण सञ्चालनको लागि निगमलाई २१५ क्याबिन क्रुको आवश्यकता रहेकोमा हाल ३ विदेशी सहित जम्मा १७३ क्याबिन क्रुहरु कार्यरत रहेका छन् । निगमलाई थप ४५ क्याबिन क्रु आवश्यक रहेको छ । जहाजको पूर्ण सञ्चालन गर्न क्रुहरुको समयमै उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### २.२.२) अन्तर्राष्ट्रिय उडानतर्फ जहाजको उपयोगिता

अन्तर्राष्ट्रिय उडानतर्फ जहाजहरु औषत दैनिक उपयोग निम्नानुसार रहेको छ (घण्टामा):

| जहाज | आ.व. २०७४।७५ | श्रावण २०७५ | भाद्र २०७५ |
|---|---:|---:|---:|
| ACB | ११.४१ | ६.९० | ६.४० |
| AKW | ११.३४ | १३.४० | १२.८० |
| AKX | १०.८६ | १४.४० | १४.४० |
| ALY | - | ५.२० | ८.०० |
| ALZ | - | - | ६.४० |

निगमले वाइड वडी ३३० जहाजहरु आफ्नो व्यवसायिक योजना मुताबिकका लामो दुरीको सेक्टरमा उडान सञ्चालन गर्न नसक्दा दुई नयाँ वाइड वडी जहाजहरुको औषत दैनिक उपयोग निकै न्यून रहेको देखिन्छ ।

### २.२.३) आन्तरिक उडान तर्फ जहाजको उपयोगिता

आन्तरिक उडान तर्फ जहाजहरुको औषत प्रति दिन उपयोगिता निम्नानुसार रहेको छ (घण्टामा):

| जहाज | आ.व. २०७४।७५ | श्रावण २०७५ | भाद्र २०७५ |
|---|---:|---:|---:|
| DHC-6 | ३.३० | २.७ | - |
| MA 60 | ४.२३ | ४.३० | ४.४० |
| Y12E | ३.०६ | ३.१० | २.४० |

# निगमको बजार व्यबस्थापन

३.१ अन्तराष्ट्रिय बजार
३.२ अन्तराष्ट्रिय बजार Seat Factor
३.३ आन्तरिक बजार
३.४ जिएसए, पएएस र सिएसए
३.५ यात्रु कार्गो तथा बजार अंश

३)		**निगमको बजार व्यवस्थापन सम्बन्धमा**

**३.१) अन्तराष्ट्रिय बजार**

हाल निगमले आफ्नो B757, A320 र A330 मार्फत निम्नानुसारको सेक्टरमा आफ्नो उडान गरिरहेको छ:

| सेक्टर | उडान सङ्ख्या |
|---|---|
| दिल्ली | हप्तामा १० उडान |
| दोहा | प्रत्येक दिन हप्तामा ७ दिन |
| दुबई | प्रत्येक दिन हप्तामा ७ दिन |
| हङ्कङ्ग | हप्तामा ३ उडान |
| क्वालालम्पुर | हप्तामा ३ उडान |
| बैंकक | हप्तामा ३ उडान |
| बम्बई | हप्तामा ३ उडान |
| ब्याङ्गलोर | हप्तामा ३ उडान |
| **जम्मा** | **हप्तामा ३९ उडान** |
| | |
| **दैनिक औसत उडान संख्या** | **५.५७ उडान** |

**३.२) अन्तराष्ट्रिय सेक्टरमा** Seat Factor

अन्तराष्ट्रिय उडान तर्फ Seat Factor (प्रतिशतमा) निम्नानुसार रहेको छ :

| सेक्टर | Aircraft | आ.व.२०७४।७५ | श्रावण २०७५ | भाद्र २०७५ |
|---|---|---|---|---|
| KTM-DEL | A320 / B757 | ८७ % | ८१ % | ७८ % |
| | A330 | – | ७१ % | ५६ % |
| DEL-KTM | A320 / B757 | ८४ % | ७७ % | ८६ % |
| | A330 | – | ७८ % | ६६ % |
| KTM-BOM | A320 / B757 | ६७ % | ५१ % | ३८ % |
| BOM-KTM | A320 / B757 | ७३ % | ६० % | ५८ % |
| KTM-BLR | A320 / B757 | ७७ % | ८१ % | ६४ % |
| | A330 | – | – | ५२ % |
| BLR-KTM | A320 / B757 | ७२ % | ६३ % | ५५ % |
| | A330 | – | – | ४४ % |
| KTM-DOH | A320 / B757 | ८७ % | ८९ % | ८२ % |
| | A330 | – | ९२ % | ५१ % |
| DOH-KTM | A320 / B757 | ९३ % | ९० % | ८४ % |
| | A330 | – | ९४ % | ६१ % |
| KTM-DXB | A320 | ७३ % | ८५ % | ७५ % |
| DXB-KTM | A320 | ७७ % | ७२ % | ७४ % |
| KTM-HKG | A320 | ७१ % | ६७ % | ८६ % |
| | A330 | – | – | ४० % |
| HKG-KTM | A320 | ७७ % | ८९ % | ५२ % |
| | A330 | – | – | ३३ % |
| KTM-KUL | A320 / B757 | ७२ % | ४० % | ४५ % |
| KUL-KTM | A320 / B757 | ७० % | ७७ % | ९२ % |

| | | | | |
|---|---|---|---|---|
| KTM-BKK | A320 / B757 | ७९ % | ८४ % | ९३ % |
| | A330 | – | – | ७७ % |
| BKK-KTM | A320 / B757 | ६६ % | ५५ % | ९१ % |
| | A330 | – | – | ६८ % |

श्रावण र भाद्र २०७५ मा Seat Factor A320 / A330 मा क्रमश ८० प्रतिशत र ६१ प्रतिशत रहेको छ ।

### ३.३) आन्तरिक बजार

निगमले हाल आफ्नो आन्तरिक बजारलाई २५ वटा सेक्टरमा विस्तार गरेको छ , विवरण निम्नानुसार रहेको छ:

**Trunk Sector**

भद्रपुर, भैरहवा, बिराटनगर, धनगढी, नेपालगंज, सिमरा ,सुर्खेत र पोखरा

**STOL Sector**

बाग्लुङ्ग, बाजुरा, भोजपुर, चौरजहारी, डोल्पा, जोमसोम, जुम्ला, लामिडाँडा, लुक्ला, मेघौली, मुगु, फाप्लु, रुकुम, सिमिकोट, ताप्लेजुङ्ग र थामखर्क

आन्तरिक तर्फ Seat Factor (प्रतिशतमा) निम्नानुसार रहेको छ:

| विवरण | आ.व. २०७४।७५ | श्रावण २०७५ | भाद्र २०७५ |
|---|---|---|---|
| सम्पूर्ण सेक्टर | ८३ % | ६६ % | ७४ % |

२०७४।७५ मा Seat Factor (प्रतिशतमा) ८३% रहेकोमा श्रावण २०७५ मा ६६% मा आएको तथा भाद्र महिनामा ७४% मा Seat Factor (प्रतिशतमा) रहेको छ ।

### ३.४) जि.एस.ए, पि.एस.ए र सि.ए.सए

निगमको जिएसए, पीएसए र सिएसए निम्नानुसार रहेका छन:

| जि एस ए | अनलाइन पि एस ए | | अफलाइन पि एस ए | | सि एस ए | |
|---|---|---|---|---|---|---|
| | देश | सख्या | देश | सख्या | देश | सख्या |
| भारत<br>यात्रु र कार्गो | नेपाल (Intl.)<br>(Dom) | १७३<br>२६९ | सिंगापुर | १ | नेपाल | १७ |
| कतार<br>यात्रु र कार्गो | हङ्गकङ्ग | १२ | कुवेत | १ | हङ्गकङ्ग | १ |
| यु.ए.ई<br>यात्रु र कार्गो | थाइल्याण्ड | ७५ | जापान | २ | थाइल्याण्ड | ४ |
| ताइवान<br>यात्रु र कार्गो | मलेसिया | ५८ | अष्ट्रेलिया | १ | मलेसिया | २ |
| कोरिया<br>यात्रु र कार्गो | | | | | ताइवान | १ |
| चीन<br>यात्रु र कार्गो | | | | | सिंगापुर | १ |

जापानको लागि जिएसए छनौट प्रकृयामा रहेको छ ।

### ३.५) यात्रु,कार्गो तथा बजार अंश

निगमको विगत पाँच वर्षको यात्रु, कार्गो तथा बजार अंश निम्नानुसार रहेको छः

| **अन्तराष्ट्रिय तर्फ** | **२०७०।७१** | **२०७१।७२** | **२०७२।७३** | **२०७३।७४** | **२०७४।७५** |
|---|---|---|---|---|---|
| **वर्ष** | **२०१३।१४** | **२०१४।१५** | **२०१५।१६** | **२०१६।१७** | **२०१७।१८** |
| जम्मा यात्रु | ३,३४५,६४० | ३,५०३,५२८ | ३,१६३,२६१ | ३,७२३,१६० | ३,९८१,९६७ |
| वृद्धि (%) | | ४.७% | -९.७% | १७.७% | ७.०% |
| **निगमको यात्रु संख्या** | **१९०,१०४** | **२१९,९७६** | **३४४,५४०** | **४२२,६४७** | **३८२,१२२** |
| **निगमको अंश** | **५.७%** | **६.३%** | **१०.९%** | **११.४%** | **९.६%** |
| | | | | | |
| **आन्तरिक तर्फ** | **२०७०।७१** | **२०७१।७२** | **२०७२।७३** | **२०७३।७४** | **२०७४।७५** |
| **वर्ष** | **२०१३।१४** | **२०१४।१५** | **२०१५।१६** | **२०१६।१७** | **२०१७।१८** |
| जम्मा यात्रु | १,४९४,९१८ | १,४११,७१८ | १,४३६,४३६ | २,११२,०९२ | २,२११,३३५ |
| वृद्धि (%) | | -५.६% | १.८% | ४७.०% | ४.७% |
| **निगमको यात्रु संख्या** | **१९,२९८** | **४६,९७४** | **४२,३०५** | **६९,८६०** | **१०२,५७०** |
| **निगमको अंश** | **१.३%** | **३.३%** | **२.९%** | **३.३%** | **४.६%** |
| | | | **यात्रु संख्या** | | |
| आन्तरिक | १९,२९८ | ४६,९७४ | ४२,३०५ | ६९,८६० | १०२,५७० |
| अन्तराष्ट्रिय | १९०,१०४ | २१९,९७६ | ३४४,५४० | ४२२,६४७ | ३८२,१२२ |
| जम्मा | २०९,४०२ | २६६,९५० | ३८६,८४५ | ४९२,५०७ | ४८४,६९२ |
| **वृद्धि (%)** | | **२७.५%** | **४४.९%** | **२७.३%** | **-१.६%** |
| | | | **कार्गो टन** | | |
| आन्तरिक | ६३ | ६५ | ४४ | ५५ | ४६ |
| अन्तराष्ट्रिय | ९६१ | ८६४ | १,०८७ | १,१३१ | १,२३१ |
| जम्मा | १,०२४ | ९२९ | १,१३१ | १,१८६ | १,२७७ |
| **वृद्धि (%)** | | **-९.३%** | **२१.८%** | **४.९%** | **७.७%** |

बजार अंश अन्तर्गत निगमको अन्तराष्ट्रिय उडान तर्फ बजार अंश २०७०।७१ मा ५.६ %, २०७१।७२ मा ७.३५ %, २०७२।७३ मा १०.९%, २०७३।७४ मा ४% र २०७४।७५ मा ९.७५ ५ रहेको छ । निगममा २ थान A320 जहाज थप पश्चात निगमको बजार अंशमा उल्लेखनिय बृद्धि भएको छ । आ.व. २०७४।७५ मा अन्तराष्ट्रिय तर्फ निगमको बजार अंश केही तल झरेको छ । आन्तरिक उडान तर्फ निगमको बजार अंश २०७४।७५ मा ३.३% बाट ४.६% पुगेको छ । अन्तराष्ट्रिय तर्फ कार्गो संख्यामा उल्लेखनिय बृद्धि भएको छ । आ.व. २०७४।७५ मा जम्मा १,२३१ टन कार्गो निगमले बोकेको छ ।

# निगमको भूमिस्थ प्रबन्ध सेवा

४.१ बिदेशी बिमान सेवाहरुको भुमिस्थ प्रबन्ध सेवा
४.२ निगमको अन्तराष्ट्रिय सेक्टरमा भुमिस्थ सेवा व्यवस्था
४.३ साधन स्रोतको कमी

## ४) निगमको भूमिस्थ  प्रबन्ध सेवा सम्बन्धमा

### ४.१) बिदेशी विमान सेवाहरुको भुमिस्थ प्रबन्ध सेवा

निगमले नेपालमा सेडूल तथा चार्टर उडान गर्ने विदेशी एयरलाइन्सहरु संग सम्भौता गरी भूमिस्थ सेवा प्रदान गर्दै आएको छ । हाल निगमले ३६ विदेशी एयरलाइन्सलाई भूमिस्थ सेवा प्रदान गर्दै आएको छ । निगमले अन्तराष्ट्रिय मापदण्ड ISAGO प्रमाणपत्र प्राप्त गरेको छ र हालै उक्त प्रमाणपत्र नवीकरणको लागि अडिट सम्पन्न गरेको छ ।

### ४.२) निगमको अन्तराष्ट्रिय सेक्टरमा भूमिस्थ सेवा व्यवस्था

निगमले उडान गर्ने हरेक अन्तराष्ट्रिय सेक्टरहरुमा भूमिस्थ सेवा सम्भौता सम्पन्न गरिसकेको छ । जापान तथा कोरिया उडानको लागि सेवा प्रदायक मूल्याङ्कनको चरणमा रहेको छ ।

### ४.३) साधन स्रोतको कमी

निगमले अन्तराष्ट्रिय स्तरको ISAGO प्रमाणपत्र प्राप्त गरेको भएता पनि सिमित साधन स्रोतको कारण बेला बेलामा सेवामा बाधा आइरहेको छ । निगमलाई आफ्नो सेवा चुस्त तथा मापदण्ड अनुसार राख्नको लागि आवश्यक भूमिस्थ उपकरणहरु यथाशिघ्र व्यवस्था गर्नुपर्ने देखिन्छ ।

# जनशक्ति विवरण

## ५) जनशक्ति विवरण

निगमसँग हाल निम्नानुसार जनशक्ति रहेको छ

| विवरण | स्थायी कर्मचारी | करार कर्मचारी | जम्मा |
|---|---|---|---|
| सामान्य प्रशासन | ६४७ | १६२ | ८०९ |
| सामान्य टेक्निकल | २३ | ३४ | ५७ |
| जहाज मर्मत सम्भार | २२२ | ११४ | ३३६ |
| उडड्यन | १२० | १७३ | २९६ |
| **जम्मा** | **१,०१२** | **४८३** | **१,४९५** |

निगमले **Outsource** बाट निम्नानुसार जनशक्तिको प्रयोग गरेको छ

| विवरण | Outsource जनशक्तिको संख्या |
|---|---|
| ग्राउण्ड सपोर्ट विभाग | ३४ |
| इन्जिनियरिङ्ग विभाग | ७९ |
| यात्रुसेवा विभाग | |
| १. नयाँ नेपाल | १३२ |
| २. सुनगाभा सप्लाई तथा सेवा प्रा.लि. | |

सुनगाभा सप्लाई तथा सेवा प्रा.लि. सँग प्रति उडान सम्झौता भए बमोजिम नियमित उडानमा वाइड बडी जहाज, न्यारो बडी जहाज र रिजनल लाई क्रमश ९, ७ र ४ तथा चार्टड उडानमा वाइड वडी जहाज, न्यारो बडी जहाज र रिजनल लाई क्रमश ५, ३ र २ जना जनशक्ति प्रयोग भएको छ ।

# निष्कर्ष

६.१ वित्तिय सम्बन्धमा
६.२ विमान तथा मर्मत सम्भार सम्बन्धमा
६.३ अपरेसनस
६.४ बजार व्यवस्थापन सम्बन्धमा
६.५ भुमिस्थ सेवा सम्बन्धमा
६.६ जनशक्ति सम्बन्धमा

## ६) निष्कर्ष

### ६.१) वित्तिय सम्बन्धमा

- निगमको अधिकृत पूँजी रु ३० करोड रहेको छ । हाल निगमको पूँजी लगानी रु ३ अरब १० करोड ( रु ३,१०३,८३६,०९८।७२) रहेको छ । उक्त पूँजी लगानी अधिकृत पूँजी भन्दा बढी भएकोले यथाशिघ्र नियमित गर्नुपर्ने देखिन्छ ।
- जहाजको तिर्नुपर्ने कर्जा रकम रु ३२.८७ अर्व रहेको छ । निगमको Debt/Equity Ratio (दिर्घकालिन कर्जा / जम्मा पूँजी) ३९.८२ रहेकोले निगम उच्च वित्तिय जोखिममा रहेको छ । उक्त कर्जाको लागि निगमले वार्षिक १०.५० % का दरले ब्याज भुक्तान गर्नुपर्ने हुँदा निगमलाई उच्च किस्ता तिर्नुपर्ने भएकाले यसले निगमको तरलता अवस्था तथा नाफामा सिधै असर पर्न गएको छ । तर्सथ, वित्तिय सूचाकंहरुलाई निगम अनुकुल बनाउन तुरुन्त नेपाल सरकारबाट पूँजी लगानी भित्रयाई वित्तिय जोखिम न्यूनिकरण गरी निगमको विश्वसनियता कायम गर्नुपर्ने देखिन्छ ।
- निगमसँग उपलब्ध नगद प्रवाह तथा निगमले तिर्नु पर्ने दायित्व अत्याधिक रहेको छ । वाईड वडी जहाजको व्यावसायिक योजना अनुसार सञ्चालन नभएसम्म उक्त कमीलाई पूर्ती गर्न निगमलाई तत्कालै नेपाल सरकारबाट आर्थिक सहायता आवश्यक रहेको छ ।

### ६.२) विमान तथा मर्मत सम्भार सम्बन्धमा

- आन्तरिक उडानका तिन वटा विमानहरू क्रमश 9N - ABX, ABT, ABU, (DHC - 6), 9N- AKS (Y12E र 9N AKT (Y12E) मिति क्रमश २५ अगस्त २०१२, सेप्टेम्बर २०१८, सेप्टेम्बर २०१८, २८ अप्रिल २०१८ र २७ अगस्त २०१८ बाट भूमिस्थ अवस्थामा रहेका छन् । साथै 9N AKQ (MA 60) जहाज को चौथौ वर्षको नयमित मर्मत सम्भार भइरहेको छ । जहाजहरुको मर्मत सम्भार समयमै गरि विमान संचालन गर्नु पर्नेछ ।
- जहाजहरुको मर्मत सम्बन्धमा निम्न जहाजहरुको मर्मत सम्भार व्यवस्था हुने क्रममा रहेको हुँदा हालको अवस्थामा निगम उक्त क्षेत्रहरुमा उच्च जोखिममा रहेको छ ।
    - A330 जहाजको इन्जिन मर्मत र ओभरहलको लागि प्रस्ताव पेश भईरहेको छ ।
    - A330 जहाजको कम्पोनेन्ट मर्मत र ओभरहल सम्बन्धमा प्रस्ताव मुल्यांकनको क्रममा रहेको छ
    - A320 जहाजको इन्जिन मर्मत र ओभरहल सम्बन्धमा प्रस्ताव मुल्यांकनको क्रममा रहेको छ ।

  यी बिषयहरु शीघ्र मर्मत व्यवस्था सुनिस्चित गरि जोखिमलाई न्यूनीकरण गर्न जरुरि रहेको छ ।

  B 757 (ACA) जहाजलाई समयमै नामसारी गरी उक्त जहाज सम्बन्धी दायित्वबाट मुक्त हुन जरुरी छ ।

**६.३) अपरेसन्स सम्बन्धमा**

निगमका जहाजहरु समुचित तरिकाले सञ्चालन गर्न चाहिने भन्दा कम ककपिट क्रु र क्याबिन क्रु भएको हुँदा अधिकतम उपयोगिता प्राप्त गर्न सकिएको छैन । समयमा नै आवश्यक Crew planning गरी आवश्यक क्रु नियुक्त/विकास गरी जहाजहरुको अधिकतम उपयोगिता गर्नु पर्नेछ ।

A330 जहाजहरु तथा आन्तरिक जहाजहरुको औषत उपयोगिता न्यून रहेको छ । जहाज तथा क्रू हरुको अधिकतम उपयोगिता हुने गरी कार्ययोजना बनाई अगाडी बढ्नु पर्ने देखिन्छ ।

**६.४) बजार व्यवस्थापन सम्बन्धमा**

- अन्तराष्ट्रिय तर्फ आ.व. २०७३।७४ को तुलनामा आ.व.२०७४।७५ मा निगमको बजार हिस्सा १.८% ले घटेको छ भने आन्तरिक तर्फ १.३% ले बढेको छ । उपयुक्त बजार व्यवस्थापन रणनीति अपनाई बजार हिस्सा बढाउनु पर्ने देखिन्छ ।
- A330 जहाजले जापान, कोरिया र रियादमा उडान सञ्चालन गर्न आवश्यक प्रकृया अगाडि बढाइएको र जिएसए छनोट कार्य भइरहेको छ । आवश्यक तयारीहरु जतिसक्दो छिटो पूरा गरी आवश्यक अनुमति प्राप्त गर्न नितान्त जरुरी देखिन्छ । राजश्वको वृद्धिको लागि र yield राम्रो हुनलाई लामो दुरीमा ३३० लाई यथाशद्य चाँडो सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- आ.व. २०७४।७५ मा भन्दा श्रावण र भाद्र २०७५ मा seat factor घटेको छ । **Seat factor** बढाउन तत्काल उपयुक्त बजार व्यवस्थापन रणनीति बनाई अघि बढ्नु पर्ने देखिन्छ ।

**६.५) भूमिस्थ सेवा सम्बन्धमा**

निगमले आफ्नो भूमिस्थ सेवाको लागि ISAGO प्रमाणपत्र प्राप्त गरेको छ तर पनि आवश्यक साधनहरु जस्तै Ramp Bus, Belt Loaders, Passenger Steps, GPU इत्यादिको अभाव रहेको छ । यि आवश्यक साधनहरु खरिद गर्ने प्रकृया समयमै अगाडि बढाई सेवाको स्तर कायम राख्नु पर्छ ।

**६.६) जनशक्ति सम्बन्धमा**

निगमसँग १०१२ स्थायी कर्मचारी तथा ४८३ करारमा कर्मचारीहरु रहेका छन् । जम्मा कर्मचारी संख्याको ५४.११%, २२.४७%, १९.६१% र ३.८१% क्रमशः प्रशासनिक कर्मचारी, जहाज मर्मत सेवा, एभिएसन र सामान्य प्राविधिक कर्मचारीहरु रहेका छन् । यात्रु सेवा विभाग, इन्जिनियरिङ्ग विभाग र ग्राउण्ड सर्पोट विभागबाट आवश्यक जनशक्तिहरु Outsourcing मार्फत गरिएको छ । सम्बन्धित विभागको अधिकार क्षेत्र भित्र रही आवश्यक दैनिक ज्यालादारीमा श्रमिकहरु प्रयोग भएको छ । निगममा आवश्यक जनशक्ति तथा उपलब्ध जनशक्तिको बारेमा O&M Survey जारी रहेको छ । निगमले आफ्नो जनशक्तिको उच्चतम प्रयोग गर्न कर्मचारीको वास्तविक आवश्यक संख्या, हाल उपलब्ध कर्मचारी तथा उपयोगितालाई मध्यनजर गरी आवश्यक परिमार्जन गरी अघि बढ्नु पर्ने देखिन्छ ।